नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-५६१ दायर मिति:-२०८१/०२/१४**

**फैसला मितिः-२०८१/०४/२१**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **बिनोद मेहताको जाहेरीले** | **जिल्ला पर्सा पकहाँ मैनपुर गाउँपालिका वडा नं. ०१ बस्ने** |
| **नेपाल सरकार..........................१** | **धर्मदेव राउतको छोरा अं. बर्ष ३२ को उमेश यादव** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेकोले प्रतिवादीलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका ईस्लाम साह गोढ समेतको घटनाविवरण कागज।
४. जिल्ला सरकारी वकिल कार्यालयको अभियोग पत्र ।
५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको आंशिक ईन्कारी बयान ।
६. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
७. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८०।११।१६ गते बिहान अं. ०९:०० बजेको समयमा जिल्ला पर्सा पकहाँ मैनपुर गा.पा. वडा नं. ०१ स्थित प्रतिवादी उमेश यादवले आफ्नो सामाजिक सञ्जाल फेसबुक मार्फत मलाई सम्बोधन गरी मेरो चरित्र हत्या गर्ने मनसायले स्टाटस लेखी पोष्ट गरेकोमा पछि मैले निज प्रतिवादीलाई सोधपुछ गर्दा निज प्रतिवादी एक्कासी रिस आवेगमा आई आश्लिल गाली गलौज तथा हातपात समेत गरी अभद्र व्यवहारको कसूर गरेको हुँदा निज प्रतिवादीलाई पक्राउ गरी कानून बमोजिम कारबाही होस भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको आंशिक साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी उमेश कुमार यादवलाई जरिवाना रु.२०००/- अक्षेरपी दुई हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी उमेश कुमार यादवलाई ठहरेको जरिवानाको हकमा र.नं. ६०४/२०८१/०३/२३ दाखिला गरेको धरौटी रकम रु.२०००/- बाट जरिवाना रकम रु.२०००/- कट्टी गर्नु ---------------------------------------------------१
२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्यादिदनु-१
३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------------------१
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ श्रावण महिना २१ गते सोमवार रोज २/ ने.सं. ११४४ गुंलाथ्व पारु, शुभम् ........